जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ३७, २०८२ वैशाख ११ गते विहीबार, 24 April 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-


गौरीटार रंगशालाको फुटबल मैदान तयार

○ सहीखबर संवाददाता

मकवानपुर। मकवानपुरको हेटौंडामा रहेको गौरीटार रंगशालाको फुटबल मैदान तयार भएको छ । रंगशाला निर्माणको शिलान्यास भएको १७ वर्षपछि रंगशालाको फुटबल मैदानको बुधबार बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले फुटबल मैदानको उद्घाटन गरे ।

फुटबल मैदानको उद्घाटन गर्दै मुख्यमन्त्री लामाले खेलकुद क्षेत्रको विकास र व्यवस्थापनलाई प्रदेश सरकारले प्राथमिकता दिदै अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । सरकारले खेलकुद क्षेत्रबाट पनि राजस्व सङ्कलन गर्ने गरी संरचनाहरुको व्यवस्थापनमा अघि बढेको उनले बताए ।

उनका अनुसार खेलाडीहरुको



प्रोत्साहन र विकासमा सरकारले नयाँ ढङ्गका कार्यक्रम अघि बढाउने तयारी गरेको छ । सरकारको बजेटलाई आय आर्जनमा जोडन र रोजगारी तथा उत्पादन योग्य क्षेत्रमा लगानी गर्नुपर्ने उनले बताए । उनले उत्पादनमा केन्द्रित गरेर बजेट कार्यक्रम तयार गर्नुपर्ने बताए ।

कार्यक्रममा प्रदेशका युवा तथा खेलकुद विकास मन्त्री मीनकृष्ण महर्जनले खेलकुद क्षेत्रलाई पर्यटनमा जोडेर अघि बढाउनु पर्ने बताए । खेल पर्यटनको माध्यमबाट अर्थतन्त्रमा महत्त्वपूर्ण हिस्सा समेट्ने सक्ने भएकाले प्रदेश सरकार त्यसतर्फ अग्रसर हुनुपर्ने उनले बताए । 'साहसिक खेलहरुको सम्भाव्यता अध्ययन गरेर पूर्वाधार निर्माणमा जोड दिनसके पर्यटकहरुको आगमन र बसाइको दर बढाउन सकिन्छ', उनले भने ।

२०७४ बाट प्रदेश सरकार अन्तर्गतको योजनाको रूपमा उक्त रङ्गशाला निर्माण हुँदै आएको थियो । निर्माणका काम व्यवस्थित गरी उद्घाटन गरिएको प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव दीपक लामाले बताए । अघिल्लो कार्यकालमा मैदान तयार भए पनि पूर्वाधार निर्माणको काममा भएका केही कमजोरी सुधार गरिएको उनले जानकारी दिए ।

हाल रङ्गशालाको रनिङ ट्र्याक, मैदान, प्याराफिटमा कुर्सी जडान तथा पर्खाल निर्माण गर्नको लागी २० करोड ४६ लाख ७४ हजार रूपैयाँ लागत अनुमान गरेर ठेक्कामार्फत काम गरिएको उनले बताए । साबिकको सार्वजनिक निर्माण कार्यान्वयन इकाई गजुरी धादिङबाट गौरीटारको फुटबल मैदानको उक्त योजना कार्यान्वयनका लागि २०७८ वैशाख १४ गते १३ करोड ३८ लाख ६५ हजार रूपैयाँमा ठेक्का सम्झौता गरिएको थियो ।

निर्माण कम्पनीले २०८१ पुस २९ मा काम सम्पन्न गर्नुपर्ने गरी काम अघि बढाइ रङ्गशालाको प्याराफिटमा ३ हजार ४०० थान कुर्सी जडान गरिएको छ भने रनिङ ट्राकमा वेस कोर्स र १०५.६८ मिटरको खेल मैदानमा पानी निकासको स्वचालित सिस्टम जडान गरिएको उनको भनाई छ ।

बाँकी पेज ४ मा

चालु वर्षको योजना अलपत्र

प्रदेश सरकारलाई आगामी बजेटको चटारो

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट निर्माणमा जुटेको छ । चालु आर्थिक वर्ष २०८१/८२ को दशौं महिना लागेसँगै बागमती प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणमा जुटेको हो ।

चालु आर्थिक वर्षका अधिकांश योजना पुरा हुने छाँटकाट छैन । चालु आर्थिक वर्षको १० महिना लाग्दा समेत प्रदेश सरकारको खर्च ३२ प्रतिशत मात्रै भएको छ । चालु वर्षका योजना के गर्ने भन्ने अन्योलता बिच सरकार आगामी वर्षको बजेट निर्माणमा जुटेको छ ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बनाउनको लागि प्रदेश सरकारले मुख्यमन्त्री बहादुर सिंह लामाको नेतृत्वमा कार्यदल बनाइएको छ। कार्यदलमा नेकपा एमाले बागमती संसदीय दलका नेता जगन्नाथ थपलिया, कांग्रेस बागमती संसदीय दलका उपनेता रामकृष्ण चित्रकार, कांग्रेस प्रमुख सचेतक गोविन्द लम्साल, एमालेका प्रमुख सचेतक मधुसुदन पौडेल र प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठ रहेका छन्।

कार्यदलले प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटलाई यथार्थपरक र आवश्यकतामा आधारित बनाउन भूमिका खेल्ने बताइएको छ । नीति कार्यक्रम हेर्दै रहर लाग्दा ल्याउने प्रदेश सरकारले ल्याएको योजना सबै पूरा गर्न सकिने आकलन गरेर बजेट पनि ल्याउँछ। तर, बजेट कार्यान्वय कति भएको छ ल्याएका नीति कार्यक्रम कति अलपत्र छ? यो विषयमा न सरकारले ठोस



छलफल गर्छ, न त प्रतिपक्षी भूमिकामा रहेका राजनीतिक दलहरुले नै योजना कार्यान्वयनका लागि दबाव दिन्छन्।

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको लागि कुल ६४ अर्ब ५४ करोड रूपैयाँको बजेट ल्याएको थियो। प्रदेश सरकारले चालुतर्फ ३५ अर्ब ८९ करोड ७४ लाख र पुँजीगततर्फ ३७ अर्ब १४ करोड ३९ लाख रूपैयाँको बजेट ल्याएको थियो । बजेट खर्च सन्तोष जनक नभएको प्रदेश सरकारले न त उत्साहजनक राजश्व संकलन गर्न सकेको छ ।

चालु आर्थिक वर्षको ९ महिना अर्थात् चैत मसान्तसम्ममा प्रदेश सरकारले लक्ष्यको जम्मा ५० प्रतिशत पनि राजश्व संकलन गर्न सकेको छैन। आर्थिक वर्षभर विभिन्न शीर्षकमा ६४ अर्ब राजश्व उठ्ने अनुमानमा बजेट बनाएको प्रदेश सरकारको कोषमा ९ महिनाको अवधिमा जम्मा ३७ अर्ब ९९ करोड ३८ लाख ९५ हजार रूपैयाँ राजश्व संकलन भएको छ। जुन लक्ष्यको ४३.३७ प्रतिशत मात्रै हो।

यता, यस अवधिमा कुल बजेटको ३३.५० प्रतिशत मात्रै खर्च भएको छ। जसमा पनि चालु तर्फको खर्च बढ्दो छ भने पुँजीगत खर्च प्रतिशतको अवस्था चिन्ताजनक छ। चालु तर्फ ४०.५१ प्रतिशत बजेट खर्च हुँदा पुँजीगततर्फ ३८.३४ प्रतिशत मात्रै खर्च भएको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको तथ्यांक छ।

विकास निर्माणका लागि छुट्याइएको पुँजीगत तर्फको ३७ अर्ब १४ करोड ३९ लाख बजेटमा हालसम्म जम्मा १० अर्ब ४९ करोड रूपैयाँमात्र खर्च भएको छ। हरेक वर्ष पुँजीगत खर्च आर्थिक वर्षको अन्त्यमा मात्रै बढ्ने गर्छ। काम गरिरहेका कम्पनीहरुले भुक्तानी लिएपछि मात्रै पुँजीगत बजेट खर्चको ग्राफ बढ्नु स्वभाविक नै हो। तर चालु आर्थिक वर्षको अन्त्यतिर आइसक्दा पनि प्रदेश सरकारको आधा भन्दा बढी योजनाहरुको सम्झौता नै भएको छैन।

योजना सम्झौता नहुनुलाई प्रदेश सरकारले कर्मचारी अभावलाई देखाएको छ । यसका साथै पूरा गर्ने नसकिने योजना बनाउँदा समस्या देखिएको बताउने गरिन्छ । तर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम भने कार्यान्वयनमा जाने प्रकारको मात्रै बनाउने बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा बताउँछन्।

'चालु आवको नीति तथा कार्यक्रम धेरैजसो पूरा नहुने खालकै छन्,' मुख्यमन्त्री लामाले भने, 'आधा भन्दा बढी योजना सम्झौता हुन बाँकी छ। कतिपय योजना कार्यान्वयन नहुन पनि सक्छन्। यस्तै लापरवाही नहोस् भन्ने उदेश्यले हामीले आगामी आवको नीति तथा कार्यक्रम बनाउन कार्यदल नै गठन गरेका छौं। आगामी आवको बजेट त्यस्तो हुँदैन।'

यता, प्रभावकारी ढंगले नीति तथा कार्यक्रम बनाउन प्रदेश नीति तथा योजना आयोग पनि गठन छ। तर आयोग भूमिका विहीन छ। सांसद र मन्त्रीहरुको गोजीबाटै लिएर कार्यक्रम तथा बजेट किताब बनाउँदा योजना कार्यान्वयनमा समस्या हुने देखिएको छ । फलस्वरूप ल्याइएका नीति तथा कार्यक्रम किताबमै मात्रै सिमित हुने क्रम बढ्दो छ।

प्रदेश सरकारले चालु आवको बजेट तथा योजना ५ सय ३६ पृष्ठमा समावेश गरेर ल्याएको थियो। यसमा हालसम्मको अवधिमा कति योजना सम्झौता भए? कति योजनाको कार्यसम्पन्न भयो? र कति योजना अलपत्र छन्? भन्ने तथ्यांक हेर्ने कुनै एकीकृत स्रोत छैन। हुन त यसको जिम्मेवारी प्रदेश नीति तथा योजना आयोगको हो। तर कुनैपनि योजना आयोगबाट बनाउन नपाएका कारण यस सम्बन्धी कुनै तथ्यांक नरहेको प्रदेश नीति तथा योजना आयोगमा उपाध्यक्ष गंगादत्त नेपाल बताउँछन्।

पुँजीगततर्फ ३७ अर्ब बजेट ल्याएको बागमती प्रदेश सरकारले चालु आवको अन्त्यसम्म मुस्किलले १० अर्ब खर्च गर्नसक्ने आंकलन गरिएको छ। त्यसोत, बजेट खर्चमा मात्रै होइन, प्रदेश

बाँकी पेज ४ मा

नयाँ वर्ष २०८२ को पावन अवसरमा हाम्रा पाठकवर्ग, विज्ञापनदाता, शुभचिन्तकलगातय देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूलाइ हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साझाजगत मल्टिमिडिया प्रा.लि.
www.saheekhabar.com

सहीखबर साप्ताहिक
saheekhabar weekly

प्रकाशक :- सरिता दाहाल
कार्यकारी सम्पादक :- जानुका संजेल,
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर

सम्पादकीय

खै लोकतन्त्रको लोकप्रीयता

नेपालमा लोकतन्त्रको अभ्यास सुरू भएको १९ वर्ष पुरा भएको छ । २०७२ सालमा संविधान लागू भएपछि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कायम छ । लोकतन्त्र र गणतन्त्र दुई भिन्न तर गहिरो अन्तरसम्बन्धित राजनीतिक शब्द हुन्, जसले आधुनिक राष्ट्रहरुको शासन प्रणाली र नागरिक अधिकारको जग निर्माण गर्दछ भनिन्छ।

गणतन्त्रले राज्यको स्वरुप र शक्तिको स्रोतलाई परिभाषित गर्दछ भने लोकतन्त्रले शासन सञ्चालनको प्रक्रिया, नागरिकको सहभागिता र अधिकारलाई सुनिश्चित गर्दछ। गणतन्त्र, शाब्दिक अर्थमा जनताको शासन हो। यसले राज्यको सर्वोच्च शक्ति नागरिकमा निहित रहेको मान्यता स्थापित गर्दछ। लोकतन्त्र, जसको अर्थ हो जनताद्वारा, जनताका लागि र जनताको शासन।

सबल र समृद्ध राष्ट्र निर्माणका लागि गणतन्त्र र लोकतन्त्र दुवैको संस्थागत विकास र सुदृढीकरण आवश्यक छ। यी दुवै प्रणालीले नागरिकलाई राजनीतिक रुपमा सक्रिय र सहभागी हुन प्रेरित गर्दछन् । जब गणतन्त्र लोकतान्त्रिक मूल्यमान्यता सँग जोडिएर अगाडि बढ्छ, तब मात्र नागरिकले वास्तविक अर्थमा सार्वभौम भएको महसुस गर्न सक्छन् र राष्ट्रले प्रगति र विकासको पथमा लम्कने अवसर प्राप्त गर्दछ।

यस्तो राम्रो प्यवस्थाको १९ वर्षमा गलत अभ्यास धेरै भएका छन् । जनता सरकार र राजनीतिक दलहरूप्रति विश्वस्त हुन सकेका छैनन् । जनताको पक्षमा रहेर काम गर्नु पर्ने लोकतान्त्रिक सरकार चुकेका छन् । लोकतन्त्रका लोकप्रीयता कमाउँनु पर्नेमा अहिलेको अवस्था जनताको नजरमा ओरालो लाग्दै गएको छ । यसलाई सुधार गरी लोकतन्त्रको शाख जोगाउनु आजको आवश्यकता हो ।

निजामती सेवामा ट्रेड युनियनको भूमिका र आजको आवश्यकता



कृष्ण बहादुर खत्री

नेपालको सन्दर्भमा ट्रेड युनियन ऐन, २०४९ कार्यान्वयनमा छ। यसले प्रतिष्ठानस्तरको संघ, सङ्गठन र महासंघलाई समेट्छ। ट्रेड युनियनमा सङ्गठित हुने, सामूहिक सौदाबाजी गर्ने, रचनात्मक क्रियाकलापमार्फत क्षमता विकासमा सहयोग गर्ने र हडताल गर्ने अधिकार हुन्छ। कर्मचारीहरु किन ट्रेड युनियनमा समाहित भएर काम गर्न चाहन्छन्? अवसर र वृत्ति विकासका लागि, रोजगारीको सुनिश्चितता र स्थिरता कायम गर्न, तलब र सेवा सुविधा वृद्धि गर्न, संस्थागत, पेशागत र नीतिगत सुधारका लागि, व्यक्तिगत समस्याको सामूहिक प्रतिनिधित्व गर्न, व्यवसायजन्य सुविधा, सुरक्षा र सुधारका अवसर सुनिश्चित गर्न तथा कर्मचारी सशक्तीकरणका लागि।

नेपालको सन्दर्भमा ट्रेड युनियन ऐन, २०४९ कार्यान्वयनमा छ। यसले प्रतिष्ठानस्तरको संघ, सङ्गठन र महासंघलाई समेट्छ। ट्रेड युनियनमा सङ्गठित हुने, सामूहिक सौदाबाजी गर्ने, रचनात्मक क्रियाकलापमार्फत क्षमता विकासमा सहयोग गर्ने र हडताल गर्ने अधिकार हुन्छ। कर्मचारीहरु किन ट्रेड युनियनमा समाहित भएर काम गर्न चाहन्छन्? अवसर र वृत्ति विकासका लागि, रोजगारीको सुनिश्चितता र स्थिरता कायम गर्न, तलब र सेवा सुविधा वृद्धि गर्न, संस्थागत, पेशागत र नीतिगत सुधारका लागि, व्यक्तिगत समस्याको सामूहिक प्रतिनिधित्व गर्न, व्यवसायजन्य सुविधा, सुरक्षा र सुधारका अवसर सुनिश्चित गर्न तथा कर्मचारी सशक्तीकरणका लागि।

नेपालको सांविधानको धारा १७ मा स्वतन्त्रताको हक अन्तर्गत संघ र संस्था खोल्ने स्वतन्त्रता प्रदान गरिएको छ। धारा ३३ मा रोजगारीको हकको व्यवस्था छ। धारा ३४ मा श्रमको हकअन्तर्गत उचित श्रमको व्यवस्था गर्न कानुनबमोजिम ट्रेड युनियन खोल्ने र सामूहिक सौदाबाजी गर्ने हकको व्यवस्था गरिएको छ। धारा ५१ (भ) मा श्रम र रोजगारीसम्बन्धी नीतिगत व्यवस्था छ। श्रमिक, मजदुर, कामदार र कर्मचारीलाई सामूहिक सौदाबाजी गर्ने तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने राज्यको नीति रहेको छ।

ट्रेड युनियन भन्नाले कामदारहरुको पेशागत हकहित संरक्षण र संवर्द्धनका लागि दर्ता भएका सङ्गठन हो। कर्मचारीहरुले आफ्नो हकहितको रक्षाका लागि आफैँले स्थापना गरेको सङ्गठन नै ट्रेड युनियन हो। यो सङ्गठन पेशागत हकहित संरक्षण र संवर्द्धनका लागि दर्ता हुन्छ। नेपालको सन्दर्भमा ट्रेड युनियन ऐन, २०४९ कार्यान्वयनमा छ। यसले प्रतिष्ठानस्तरको संघ, सङ्गठन र महासंघलाई समेट्छ। ट्रेड युनियनमा सङ्गठित हुने, सामूहिक सौदाबाजी गर्ने, रचनात्मक क्रियाकलापमार्फत क्षमता विकासमा सहयोग गर्ने र हडताल गर्ने अधिकार हुन्छ।

कर्मचारीहरु किन ट्रेड युनियनमा समाहित भएर काम गर्न चाहन्छन्? अवसर र वृत्ति विकासका लागि, रोजगारीको सुनिश्चितता र स्थिरता कायम गर्न, तलब र सेवा सुविधा वृद्धि गर्न, संस्थागत, पेशागत र नीतिगत सुधारका लागि, व्यक्तिगत समस्याको सामूहिक प्रतिनिधित्व गर्न, व्यवसायजन्य सुविधा, सुरक्षा र सुधारका अवसर सुनिश्चित गर्न तथा कर्मचारी सशक्तीकरणका लागि।

ट्रेड युनियनको विकासक्रममा वि.सं. २००३ मा विराटनगर जुट मिलमा मजदुर सभा नामक ट्रेड युनियन गठन भएको थियो। २००८ मा नाल न्यून वैतनिक कर्मचारी सङ्गठन, २०४६ मा नेपाल निजामती कर्मचारी सङ्गठन र पछि निजामती कर्मचारी सङ्गठन स्थापना भए। २०६४ मा राष्ट्रिय कर्मचारी सङ्गठन स्थापना भयो। हाल निजामती र अन्य क्षेत्रमा राष्ट्रिय स्तरमा छ वटा ट्रेड युनियन क्रियाशील छन्।

ट्रेड युनियन: पेशागत नैतिकता, रचनात्मक अभ्यास, सेवाप्रति प्रेरणा र कर्मचारी कल्याणका लागि दबाब। निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० मा एकल ट्रेड युनियनको व्यवस्था छ। कार्यालय प्रमुखबाहेक राजपत्राङ्कित तृतीय श्रेणीसम्मका कर्मचारी सङ्गठित हुन पाउँछन्। कर्मचारी सङ्गठनले स्वतन्त्रता र सामूहिक सौदाबाजीको अधिकारसहित आधिकारिक ट्रेड युनियनको अभ्यास गर्न पाउँछ। समानुपातिक निर्वाचन प्रणाली अपनाइएको छ, जसमा मत प्रतिशतका आधारमा केन्द्रमा २१ सदस्यीय केन्द्रीय समिति र जिल्लामा ११ सदस्यीय समिति गठन हुन्छ। तर, संघीयताको मोडललाई यो व्यवस्थाले पूर्ण रुपमा आत्मसात् गर्न सकेको छैन।

प्रादेशिक व्यवस्था र स्थानीय तहमा सञ्जाल विस्तार आवश्यक छ। कर्मचारीको हकहित, सेवा सुरक्षा, समयसापेक्ष सुविधा, वृत्ति विकास, अन्तर्राष्ट्रिय सङ्गठनमा प्रतिनिधित्व, सरकार र सरोकार वालालाई रचनात्मक सुझाव दिने, बौद्धिक सर्कलमा काम गर्ने र सशक्तीकरणका लागि काम गर्ने व्यवस्था छ। संसदको राज्यव्यवस्था तथा सुशासन समितिमा संघीय निजामती सेवा विधेयक छलफलको क्रममा छ। हालै राष्ट्रिय स्तरका ट्रेड युनियनका अध्यक्ष र प्रतिनिधिहरुले समितिका सभापतिलाई माग सम्बोधनका लागि ज्ञापनपत्र बुझाएका छन्।

ट्रेड युनियन किन ? : श्रम ऐन, २०४८, ट्रेड युनियन ऐन, २०४९, नियमावली, २०५०, संस्था दर्ता ऐन, २०३४ र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) को महासन्धि ८७ मा सङ्गठन र सौदाबाजीको अधिकार सुनिश्चित गरिएको छ।

ट्रेड युनियनका सकारात्मक पक्ष: योग्यता प्रणालीको संरक्षण र संवर्द्धन, सहभागितामूलक व्यवस्थापन, सबल सार्वजनिक प्रशासन, गुणस्तरीय र रचनात्मक सुधार, व्यवस्थापन र कर्मचारीबीच सङ्गठित सेतुको भूमिका, न्यायपूर्ण समाज स्थापनामा सहयोग, मौलिक हकको कार्यान्वयन, टिम कार्य र भाइचाराको प्रवर्द्धन, पेशागत दक्षता कायम र सुमधुरपूर्ण वातावरण निर्माण।

ट्रेड युनियनका नकारात्मक पक्ष: राजनीतिक अभिष्टले अराजकता निम्त्याउने, नकारात्मक प्रवृत्ति बढ्ने, कानुन तोड्ने प्रवृत्तिलाई बहादुरी ठान्ने, अनुशासनहीनता, अनावश्यक माग राख्ने, राजनीतिक संलग्नताले निष्पक्षतामा शङ्का, अवाञ्छित सुरक्षामा जोडले सङ्गठनमा बाधा, कर्मचारी विभाजनले सङ्गठनको काममा अवरोध, सार्वजनिक हितभन्दा व्यक्तिगत हितमा केन्द्रित हुने, मनोवैज्ञानिक द्वन्द्व, सरकार र सङ्गठनबीच मनोवैज्ञानिक दरार, उत्तरदायित्वबिना शक्तिकेन्द्र बन्ने जोखिम। केही उच्च प्रशासकले श्रमिक सङ्गठनलाई 'सिंहदरबारको साँढे' भनी उपहास गर्ने गरेका छन्।

सामूहिक सौदाबाजीको पूर्वशर्त: दुवै पक्षबीच लेनदेनको अवस्था, आत्मविश्वासपूर्ण वातावरण, उजुरी र माग निर्भीकतापूर्वक राख्ने वातावरण, दबाबमुक्त र सकारात्मक दृष्टिकोण, बाह्य हस्तक्षेपबिना आपसी छलफल र सम्झौता। तर, माग पेस नगर्दै हडताल गर्ने, व्यवस्थापनले धान्न नसक्ने माग राख्ने, सङ्गठनलाई राजनीतिक दलको भ्रातृ सङ्गठनजस्तो बनाउने, दबाब नआएसम्म व्यवस्थापन उदासीन रहने र सौदाबाजीमैत्री व्यवस्थापनको अभावजस्ता समस्या छन्।

केही जटिल प्रश्नहरु: कुल कर्मचारीको अनुपातमा ट्रेड युनियनको सङ्ख्या बढी भएको अवस्थामा ७० प्रतिशत कर्मचारी सदस्य हुनुपर्ने व्यवस्था कसरी कार्यान्वयन हुन्छ? छभन्दा बढी सङ्गठन हुँदा मागको फेहरिस्त प्रस्तुत नहुँदै तालाबन्दी र हडतालमा जाने अपरिपक्व व्यवहार, दबाब नआएसम्म व्यवस्थापनको उदासीनता, राज्यको क्षमताभन्दा बढी माग राख्ने, सङ्गठनलाई राजनीतिक दलको भगिनी संस्थाजस्तो बनाउने, व्यवस्थापन र सङ्गठनबीच सौदाबाजीमैत्री वातावरण नहुनु।

ट्रेड युनियनको प्रभावकारी प्रवर्द्धनका उपाय: आचारसंहिताको प्रभावकारी कार्यान्वयन, सङ्गठन सञ्चालनसम्बन्धी आचारसंहिता निर्माण र लागू गर्ने, कार्यक्षेत्र परिभाषित गर्ने, सेवा, सर्त, सुविधा र कर्मचारी कल्याणसम्बन्धी नीतिगत परामर्श, पेशागत हकहित संरक्षण र संवर्द्धन, तालिम, सीप र कार्यक्षमता विकास, सङ्गठनको संरचना र सरकारको दृष्टिकोणमा परिवर्तन।

नेपालको संविधान, २०७२ जारी भएको १० वर्ष बितिसकेको छ। दुई पटक स्थानीय, प्रादेशिक र संघीय निर्वाचन भई जनप्रतिनिधिले शासन सम्हालेका छन्। तर, प्रशासनिक पुनर्संरचना हुन सकेको छैन। समायोजन ऐनमार्फत स्थानीय तहमा समायोजन गरिएका कर्मचारी सन्तुष्ट छैनन्। शिक्षकहरु आन्दोलनमा छन्। कर्मचारीमैत्री कानुनको अभाव छ। तीनै तहमा समायोजन र वृत्ति विकास सुनिश्चित गर्ने कानुन छैन। संसदको अधिवेशन सुरू भएको यो सङ्कटपूर्ण समयमा कर्मचारी व्यवस्थापन र स्थानीय तहसम्म प्रशासनिक पहुँच र संघीयताको मर्मअनुसारको व्यवस्था आजको आवश्यकता हो। यो अधिवेशनबाट संघीय निजामती सेवा ऐन आउनेमा पूर्ण आशा गर्न सकिने अवस्था छैन।

प्रशासन डटकमबाट

यसकारण खास छ वैशाख ४० वर्षदेखि नर्सरी नाइके ११ को 'युवा उत्सव'



शिव पुरी, रौतहट । पूर्वपश्चिम राजमार्गस्थित चन्द्रनिगाहपुर चोकबाट झन्डै एक किलोमिटर पश्चिम लागेपछि डिभिजन वन कार्यालयको आडैमा एउटा ठूलो नर्सरी छ। जहाँ बिरूवा सुमसुमाइरहेका भेटिन्छन् ७४ वर्षीय हरिप्रसाद आचार्य।

उनको दिनचर्या बिरूवाको हेरचाहबाट सुरू हुन्छ। चार दशकदेखि यही काममा लागेका आचार्यलाई सधैं बोटबिरूवा हुर्काउने चटारो लागिरहन्छ। बुढ्यौली उमेरमा पनि बोटबिरूवाको रेखदेख गर्ने जाँगरमा कुनै कमी आएको छैन। चन्द्रपुर ४ घर भएका आचार्य बिहान सबैरै नर्सरी पुग्छन्, चारैतिर नियाल्छन् । पशुचौपाया छिरेका छन् कि छैनन्, हेर्छन्। वन्यजन्तु छिरेर बिरूवा खाने खतरा पनि उत्तिकै छ।

नर्सरी नजिकै नै उनको घर छ। विभिन्न जातका हुर्किँदै गरेका बिरूवाले नर्सरीमा हरियाली भरिएको छ। परिवारका सदस्य जस्तै माया गर्छन् बिरूवालाई। 'सारा जीवन नर्सरीमै बिताएको छु,' आचार्यले सुनाए, 'मैले यो काम सुरू गर्दा धेरैले हाँसो र टीकाटिप्पणी गरे। तर, म आफ्नो काममै लागिरहे।'

अहिले रूखबिरूवा उनका साथीजस्तै भएका छन्। कुनै बिरूवा सुक्न थाल्यो भने मनमै पीडा हुने उनी बताउँछन्। बिहान ५ बज्न नपाउँदै नर्सरी पुग्ने उनी राति ८ बजेसम्म बिरूवाकै हेरचाहमा खटिन्छन्।

डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरको नर्सरीमा काम गर्न थालेको ४० वर्ष बितिसकेको उनले बताए। अहिले उनी अढाई लाख बिरूवाका अभिभावक बनेका छन्। अहिले उनी पुराना ४/५ जातका बिरूवाको संरक्षणमा लागेका छन्। 'बिरूवा हुर्कन भने चिन्ता लाग्छ। परिवारका सदस्यजस्तै माया गर्छु,' उनले भने, 'पानी पुग्यो कि पुगेन, मल हाल्नुपर्ने हो कि होइन हेर्छु। आँखा लगाएर हेर्छु कसलाई के चाहिएको हो। यहीमा रमाएको छु। बाँकी जीवन पनि यहीँ बिताउने योजना छ।'

यस सिजन नर्सरी बेडमा मसला, सिसौ, सतिसाल,टिक,ज्याकारान्डा,मलेसियनसाल,खयर, राजवृक्ष, बेल, अर्जुन, अमला, कल्की, क्यासिया, मगी र एकोसिया जातका अढाई लाख नयाँ बिरूवा उत्पादन गर्ने योजना रहेको उनले बताए। बिरूवा हुर्काउने, संरक्षण गर्ने र रोप्नेसम्बन्धी तालिम समेत लिइसकेका आचार्य भन्छन्, 'एउटा बिरूवा हुर्कन ४ महिना लाग्छ। हुर्किएको बिरूवा वन कार्यालयले स्थानीयलाई नि:शुल्क वितरण गर्दै आएको छ।'

उनी कार्यरत नर्सरीमा सबैभन्दा धेरै, ३ लाखभन्दा बढी बिरूवा उत्पादन हुने गरेको छ। १ बिघा क्षेत्रफलमा फैलिएको नर्सरी चारैतिर घेराबार गरिएको छ।डिभिजन वन प्रमुख हेमन्त साह भन्छन्, 'बिरूवा उत्पादन र संरक्षणमा आचार्यको लगाव देखेर अचम्ममा परेका छौं। यसरी बोटबिरूवालाई माया गर्ने कमै भेटिन्छन्। चार दशक एउटै काममा लाग्नु सामान्य कुरा होइन।'

जग्गाको नाममा एक धुर पनि नभएका सुकुम्बासी आचार्यलाई वन कार्यालयले मासिक रुपमा नर्सरी नाइकेका रुपमा करारमा नियुक्त गरेको छ। उनी बिरूवा हुर्काउन खप्पिस भएकाले धेरैजसो मानिसहरु फोन गरेर बिरूवा लिन आउँछन्। करारको अवधि एक वर्षको हुने र उनी मासिक १५ हजार रूपैयाँ पारिश्रमिक पाउँछन्। बिरूवा लगाउने ठाउँ तयार पार्ने, गोड्ने, बिरूवा बनाउने, माटो भर्ने, रोप्ने, हुर्काउने र संरक्षण गर्ने सबै काम उनी एक्लैले म्याउँछन्।

उनको ३ छोरी र १ छोरा छन्। श्रीमती राधा आचार्यले ५ वर्षअघिसम्म वन कार्यालयमा सामान्य क्यान्टिन चलाएकी थिइन्। तर, आम्दानी नपुगेपछि उनले बन्द गरिन्। त्यसबेलादेखि उनलाई सुगर, प्रेसर र नसासम्बन्धी समस्याले च्यापेको छ। अहिले उनी घरमै आराम गरिरहेकी छन्। छोरा दिनेशले राजमार्गको पश्चिम लक्कामा चिया खाजा पसल सञ्चालन गरेका छन्।

सधैंजसो बिरूवासँग रमाउने आचार्यलाई राति बढी चिन्ता लाग्छ। बाँदर र हरिणले बिरूवा खाने भएकाले उनी बेलाबेला राति टर्चलाइट बोकेर नर्सरी पुग्छन्। 'यति दु:खले हुर्काएको बिरूवा वन्यजन्तुले खाइदिए भने बर्बाद हुन्छ,' उनी भन्छन्। हरिणले मन पराउने जातका बिरूवाले उनी बेलाबेला दु:ख पाउँछन्। बिरूवामा रोग लागे पनि उनी चिन्तित हुन्छन्, यद्यपि अहिलेसम्म कुनै गम्भीर रोग नलागेको उनी बताउँछन्। एक सिजनमा उत्पादन भएका बिरूवा दुई वर्षमित्र वितरण गर्ने वनको योजना छ।

लामो समयदेखि यसैमा रमाएका आचार्यको लगनशीलता देखेर बिरूवा लिन आउनेहरु समेत दंग पर्छन्। पछिल्लो समय स्थानीयहरुले सबैभन्दा धेरै मसला जातका बिरूवा लगेका छन्। उनीहरुले ती बिरूवा निजी जमिनमा रोप्ने गरेका छन्। विभिन्न रोगले सिसौ सुक्न थालेपछि पछिल्ला वर्षहरुमा यसको माग घट्दै गएको वन कार्यालयले जनाएको छ। इकान्तिपुरबाट

○ आशिष रेग्मी

मानव जीवन विशेषत: तीन चक्रमा विभाजित हुन्छ: बाल्य अवस्था, युवा अवस्था र वृद्ध अवस्था। युवा भन्नाले जैविक उमेर, सामाजिक भूमिका र मनोवैज्ञानिक अवस्थाको आधारमा छुट्याइएको जीवनको एक विशेष चरण हो। संयुक्त राष्ट्र संघले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको छ। नेपालको राष्ट्रिय युवा नीति, २०७२ अनुसार नेपाल सरकारले १६ देखि ४० वर्ष उमेर समूहकालाई युवा मानेको छ।

सामाजिक र आर्थिक भूमिकालाई आधार मान्दा युवापन जीवनको त्यो चरण हो, जहाँ व्यक्ति शिक्षा प्राप्तिमा लागिरहेको हुन्छ, रोजगारीको खोजीमा हुन्छ वा आफ्ना सामाजिक, आर्थिक र राजनीतिक पहिचानको निर्माण गरिरहेको हुन्छ। मनोवैज्ञानिक र सांस्कृतिक दृष्टिकोणलाई आधार मान्दा भने युवापनले जीवनको त्यो चरणलाई प्रतिबिम्बित गर्छ, जसमा उत्साह, आकांक्षा, सिर्जनशीलता, प्रयोग, विद्रोह र सामाजिक परिवर्तन झल्किन्छ। समग्रमा मान्नुपर्दा युवालाई निश्चित उमेरको सीमामा बाँध्न खोजिए पनि यो जीवनको त्यो अवस्था हो, जहाँ व्यक्तिको व्यक्तित्व निर्माण, आत्मपरिभाषा र सामाजिक हस्तक्षेप प्रबल हुन्छ।

नेपाली लोकतन्त्रको इतिहास विश्लेषण गर्ने हो भने प्रत्येक आन्दोलनको अग्रपंक्तिमा युवाहरु खटेको देखिन्छ। यसरी पटकपटकको संघर्षपश्चात् प्राप्त भएको पूर्ण लोकतान्त्रिक गणतन्त्रमाथि फेरि एकपटक प्रहार गर्ने कोसिस भइरहेको छ। यसपटकको प्रहार राजतन्त्रवादीहरुबाट मात्र होइन लोकप्रियतावाद अभ्यास गरिरहेका नवफासिस्टहरुबाट पनि भएको देखिन्छ।

नेपाली जनताले २०६२ को संविधान जारी भएपश्चात् अवस्था परिवर्तनको आश गरेका हुन्। २०४७ मा बहुदलीय प्रजातन्त्र स्थापना हुनु अघिभन्दा नेपालले अहिले धेरै नै प्रगति गरेको तथ्यांकले देखाउँछ। तर, गर्नुपर्ने र हुनुपर्ने धेरै छ। हाल नेपाली जनताको चाहना मुख्यरुपमा सेवा प्रवाह, रोजगारी र उद्यमशीलताका लागि सहज वातावरण हो। दुई छिमेकीको भूराजनीतिको चपेटाले पनि नेपालको द्रुत गतिको विकासको चाहनालाई सुस्त गरेको छ।

तर, यो सबै अप्ठेराका बाबजुद नेपाल लोकतान्त्रिक र आर्थिक स्थिरताको बाटोमा बामे सरि रहेको छ। द्रुत विकासको चाहना पूर्तिको कमीलाई देखाएर यी पुरातनवादी शक्ति र पपुलिष्ट शक्तिहरु लोकतन्त्रकै विकल्पको राय निर्माणमा लागेका छन्। एकले यस व्यवस्थामा देखिने हरेक समस्यालाई लोकतन्त्रको कमजोरी र विकल्पमा राजतन्त्र हुनुपर्ने राय राखिरहेका छन्। जुनसुकै अवस्थामा पनि नेपाली लोकतन्त्रमाथि फेरि एकपटक प्रहार भइरहेको छ।

प्रत्येक पुस्ताको आफ्नै समय हुन्छ। तर, कुनै समय यस्तो पनि आउँछ जुन महत्वपूर्ण मात्र होइन, ऐतिहासिक पनि हुन्छ। अहिले नेपाली युवाहरु इतिहासको एउटा यस्तो मोडमा उभिएका छन् जहाँ उनीहरुको चेतना, इतिहासप्रतिको बुझाइ, र लोकतन्त्रप्रतिको प्रतिबद्धताले मुलुकको दिशा परिवर्तन गर्न सक्छ।

यही सन्देश बोकेको छ, वैशाख ११ को 'युवा उत्सव'ले । जसरी वैशाख ११ एउटा मिति मात्र होइन हाम्रो लोकतान्त्रिक यात्राको धड्कन हो, त्यसरी युवा उत्सव केवल कार्यक्रम मात्र होइन, यो नयाँ पुस्ताको संकल्प हो, स्मरण हो, र संघर्षको यात्रामा पाएको जिम्मेवारी हो।

स्वतन्त्रता आफै जन्मिँदैन, त्यसका लागि कयौं पुस्ताले बलिदान दिनुपरेको हुन्छ। लोकतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरु केवल शासक परिवर्तनको मुद्धा मात्र थिएन, त्यो चेतनाको विस्फोट पनि थियो। वैशाख ११ को उत्सव मार्फत युवा पुस्ताले ती आन्दोलनका ऐतिहासिक महत्त्वलाई स्मरण गर्नु आवश्यक छ किनकि वर्तमान बुझ्न इतिहास जान्नैपर्ने हुन्छ।

नेपालमा २००७ सालको जनक्रान्ति, २०४६ सालको पहिलो जनआन्दोलन, २०६२/०६३ को दोस्रो जनआन्दोलन र गणतन्त्रको घोषणासम्म आइपुग्दा नेपाली जनताले ठूलो मूल्य चुकाएका छन्। आज पनि देशको राजनीतिक स्थायित्व, समाजवादको लक्ष्य र गणतान्त्रिक संरचनाको रक्षा गर्न युवाहरुको संलग्नता अपरिहार्य छ। वैशाख ११ मा एमालेले आयोजना गरेको युवा उत्सवले युवाहरुमा लोकतन्त्रप्रति प्रतिबद्ध बनाउने खालको विचारको बिजारोपण गर्नेछ। यो युवा उत्सव केवल हिजोको स्मरण मात्र होइन भविष्यको प्रष्ट दृष्टिकोण सहित दुङ्गिने विश्वास पनि छ।

लोकतन्त्रलाई केवल निर्वाचनको प्रक्रियाको रुपमा मात्र चित्रण गरिनु हुँदैन। यो त सोचाइ हो, व्यवहार हो र संस्थागत अभ्यास हो, जहाँ सबै नागरिकको अधिकार सुरक्षित हुन्छ र सबैको आवाजले अर्थ राख्छ। राणा शासन, पञ्चायत र राजा ज्ञानेन्द्रको प्रतिगमन यी सबै कालखण्डमा जनताले स्वतन्त्रता गुमाएका थिए, प्रेसमाथि नियन्त्रण थियो, जनताको अभिव्यक्ति कुण्ठित गरिएको थियो र समग्रमा एक व्यक्ति या वंशको हुकुमी शासन लादिएको थियो।

लोकतन्त्र नहुँदा के हुन्छ भन्ने उदाहरण विश्वभर पनि नेपालकै जस्तो तितो र अमिलो छ। म्यानमारमा सेनाले शासन लिएको छ अनि हजारौं युवा जो नागरिक अधिकारका पक्षमा थिए ती सबै जेलमा छन्। अफगानिस्तानको तालिबानी शासनमा महिलालाई पढ्न, बोल्न मात्र होइन सार्वजनिक रुपमा हाँस्न समेत निषेध गरिएको छ। उत्तर कोरियामा सत्ताको विरोध गर्नु मृत्युलाई बोलाउनु जस्तै हो। यी दृष्टान्तहरुले प्रष्ट पार्छन् कि लोकतन्त्रको विकल्प निरंकुशता, डर, हिंसा र अभिव्यक्तिको मृत्युसँग मेल खान्छ।

यति भनिरहँदा लोकतन्त्रमा समस्या नै हुन्न भन्ने होइन। भ्रष्टाचार, गुटबन्दी, निर्णय प्रक्रियामा ढिलाइ, सेवा प्रवाहमा कठिनाइ, सुशासनको अभावजस्ता समस्या नेपालको लोकतन्त्रले भोगिरहेको धेरै हदसम्म सत्य हो। तर यी समस्या लोकतन्त्रका कारण होइनन् बरू लोकतन्त्रको अभ्यासमा भएका त्रुटिका परिणाम हुन्।

लोकतन्त्रमित्रका समस्या हल गर्न लोकतन्त्रलाई सुधार्नुपर्छ लोकतन्त्रलाई विस्थापन गर्ने होइन। लोकतन्त्रको सुदृढीकरणको विकल्प लोकतन्त्र आफैमित्र छ। यसका लागि पारदर्शिता बढाउनु पर्छ, जवाफदेही नेतृत्व आवश्यक पर्छ, युवाहरुलाई नीति निर्माण प्रक्रियामा सहभागी गराउनुपर्छ, डिजिटल युगमा लोकतन्त्रको प्रयोगशाला विद्यालयदेखि नै सुरू हुनुपर्छ।

अन्तमा, लोकतन्त्र सधैं अपूर्ण हुन्छ तर अपूर्ण भयो भन्दैमा लोकतन्त्रको विकल्प निरंकुशता हुन सक्दैन। त्यसको विकल्प अझ उन्नत लोकतन्त्र, अझ जवाफदेही नेतृत्व र अझ सचेत नागरिक सहभागिता हो। यही चेतनाको उत्सव हो वैशाख ११ को युवा उत्सव। नेपालखबरबाट

तयार भयो...

पेज १ को बाँकी

२८ जेठ ०६४ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले रङ्गशालाको शिलान्यास गरेका थिए । केन्द्रीय खेलकुद प्रतिष्ठानका रुपमा विकास गर्ने गरी तत्कालीन समयमा खेलकुद परिषद्ले खेलकुदका संरचना निर्माणको थालनी गरेको थियो । बजेटले निरन्तरता पाउन नसक्दा १४ वर्षसम्म यो रङ्गशाला निर्माणको कार्यले गति लिन सकेको थिएन ।

हाल गौरीटार रङ्गशालामा पौडी पोखरी र क्रिकेट रङ्गशाला निर्माणको काम धमाधम भइरहेको छ । सदस्य सचिव लामाका अनुसार प्रदेश सरकारले गत आर्थिक वर्षदेखि क्रिकेट रङ्गशाला निर्माणका लागि १२ करोड र स्विमिङ पुल निर्माणको लागि ९ करोड रूपैयाँ विनियोजन गरेर निर्माण थालेको थियो ।

रङ्गशालामा पहिलो चरणमा ६00 मन्दा बढी दर्शक क्षमताको एउटा प्यारापिटसहित ५ वटा पिच, ७0 मिटर रेडिएशनको ग्राउण्ड मीमीआइपी कक्ष, खेलाडी कक्ष, चेन्जिङ रूम, टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपाङ्गमैत्री क्षेत्र, पार्किङ लगायतका संरचना निर्माण हुने परिषद्ले जनाएको छ ।

केन्द्रीय खेलकुद प्रतिष्ठानको रूपमा झण्डै १५ वर्षअघि शिलान्यास गरिएको हेटौंडाको गौरीटार रंगशालामा १६ माघ २०८१ मा शहीद स्मृति गोल्ड कप फुटबल प्रतियोगिता सञ्चालन भएको थियो । २०३८ सालमा हेटौंडाको गौरीटार रंगशालामा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता भएको थियो । सोही समय गौरीटारमा अत्याधुनिक सुविधा सम्पन्न रंगशाला निर्माण गर्ने घोषणा समेत गरिएको बताइन्छ ।

प्रथम अन्तरनगर खेलकुद भएको ४३ वर्ष पछि बुधबार रंगशालाको फुटबल मैदानको उद्घाटन भएको छ । चार दशकदेखि अलपत्र रहेको रंगशाला निर्माण कार्य अन्तिम चरणमा पुगेको बताइएको छ । बागमती प्रदेश सरकारले अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाइरहेको गौरीटार रंगशाला काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ रंगशालापछि दोस्रो ठूलो फूटबल मैदान हुने बागमती प्रदेश खेलकूद परिषद्ले जनाएको छ ।

२३ बिघा क्षेत्रफलमा रहेको रंगशाला निर्माणमा करीब पाँच अर्ब रूपैयाँ लाग्ने अनुमान छ। विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) का कारण रंगशालाको भौतिक पूर्वाधार निर्माणको काम प्रभावित भएको थियो । सोही कारण समेत निर्माणमा ढिलाई भएको बताइएको छ ।

उत्पादन बढाउन आधुनिक खोर निर्माण

○ सहीखबर संवाददाता

वालिङ, स्याङ्जा । स्याङ्जाको वालिङ नगरपालिकाले उत्पादन बढाउन आधुनिक खोर निर्माण जोड दिएको छ । बाख्रा पालक कृषकहरूले आधुनिक खोर निर्माणमा चासो देखाएका सँगै नगरपालिकाले उत्पादन बढाउने योजना सहित आधुनिक खोर निर्माण र खोर सुधारका कार्यक्रम सञ्चालन गरेको छ । नगरपालिकाको योजनाले कृषकहरू उत्साहित भएका हुन् ।

कृषकहरू आधुनिक खोर निर्माणसँगै उत्पादन बढ्नेमा विश्वस्त छन् । पालिकाले बाख्राको नस्ल सुधार गर्दै व्यवस्थित तरिकाबाट पालन गर्न कृषकलाई प्रेरित गर्दै आएको छ । अनुदानमा आधुनिक खोर निर्माण गर्नु भएकी वालिङ नगरपालिका ५ की एकमाया मल्लले आधुनिक खोर निर्माणका कारण गाउँमा छुद्दै खुसियाली छाएको बताइन् । "अस्तव्यस्त तरिकाबाट बाख्रा पाल्दै आएका थियौं, अब सजिलो हुने भयो" उनले भनिन् । अहिले १२ बाख्रा पाल्दै आउनु भएकी मल्लले अब खोर निर्माणसँगै बाख्राको सङ्ख्या थप्ने बताइन् । गाउँका अन्य बाख्रा पालक कृषकले खोर बनाउने योजना बनाएको उनको भनाई छ । मल्ल स्थानीय दिप्का बाख्रा पालन स्वावलम्वी महिला कृषक समूहकी अध्यक्ष समेत हुन् ।

३0 जना महिला आवद्ध रहेको समूहका सदस्यहरू उत्पादन बढाउने अभियानमा लागेको समूहकी सचिव मथुरा शाहीले बताउँछिन् ।

वालिङ नगरपालिका ५ मा १0 जना कृषकले आधुनिक खोर निर्माण गरेका वडा अध्यक्ष छविलाल आलेले बताए । नगरपालिका र हेफर प्रोजेक्ट नेपालको सहकार्यमा सञ्चालन भईरहेको 'वालिङ कृषि विकास परियोजना'मार्फत आधुनिक खोर निर्माण गरिएको उनले जानकारी दिए ।

कृषकले ५0 प्रतिशत अनुदानमा बाख्राको खोर निर्माण गरेका हुन् ।बाख्राको नस्ल सुधार गर्दै उत्पादन बढाउने योजनाका साथ नगरपालिकाले वडा नं.१ देखि ८ सम्म विशेष योजना बनाएर काम गरिरहेको छ। नगरप्रमुख कृष्ण खांण भने साझेदार संस्थाहरूसँग मिलेर महिलालाई उत्पादनमा जोड्ने अभियान सुरू गरेका छौं ।" निर्वाहमूखी कृषि प्रणालीमा परिवर्तन गरी साना कृषकलाई आर्थिक रूपमा सवल बनाउने पालिकाको योजना रहेको छ ।

नगरपालिकाले सञ्चालन गरिरहेको परियोजना मार्फत वडा नं.४,५ र ६ मा गरी ३६ वटा आधुनिक बाख्राको खोर निर्माण गरिएको नगरपालिकाका पशु सेवा शाखा प्रमुख डाक्टर रोशन बरयालले बताए । आधुनिक खोर निर्माणसँगै कृषकलाई बाख्रा पाल्ने तरिका र सरसफाई सम्वन्धी जानकारी दिदै आएको उहाँको भनाई छ ।



करिब ६० बर्ष अगाडिको GMC गाडी अहिले यो अबस्थामा भिमफेदी गाउँपालिका वडा नम्बर ९ लामिडाँडामा बेवारिसे अवस्थामा । स्थानीयको भनाई अनुसार तत्कालिन चलचल्तीको नाम ज्याम्सी रहेको गाडीको संरक्षण गर्न सके विगतको नेपालको यातायात इतिहास बुझ्न सजिलो हुने थियो । उक्त गाडी तत्कालिन समयको चुरे सुरुङ हुँदै गुड्ने गरेको भनाई छ । तस्विर: सहिखबर

प्रदेश सरकारलाई...

पेज १ को बाँकी

सरकारको राजश्व संकलनमा पनि लक्ष्य भेट्न मुस्किल पर्ने देखिन्छ। चैत्र मसान्तसम्ममा २७ अर्ब ९९ करोड ३८ लाख ९५ हजार अर्थात् लक्ष्यको ५0 प्रतिशत पनि राजश्व संकलन गर्न नसक्नु प्रदेश सरकारको कमजोरी देखिन्छ।

उठ्दै नउठ्ने राजश्व शीर्षकको अनुमानको भरमा बजेट बनाउँदा सोचे अनुरूपको बजेट कार्यान्वयन हुन नसक्ने अर्थका जानकारहरू बताउँछन् ।

बागमती प्रदेश सरकारलाई चालु आर्थिक वर्षको बाँकी ३ महिनामा ६८ प्रतिशत बजेट खर्च गर्नुपर्ने दबाब छ । आर्थिक वर्षको अन्तिम तीन महिनामा अधिकांश बजेट जसोतसो खर्च गर्ने प्रवृत्ति चालु आर्थिक वर्षमा पनि देखिने भएको हो ।चैतसम्म बजेट खर्च दर न्यून भएसँगै अन्तिम ३ महिनामा प्रदेश सरकारमाथि दबाब बढेको हो ।

आर्थिक वर्ष सकिन ३ महिना बाँकी रहँदा सरकारले झण्डै ६८ प्रतिशत बजेट खर्च गर्नुपर्ने अवस्था देखिएको हो । यसअघि बागमती प्रदेश सरकारले गत आर्थिक वर्षमा ६३ अर्ब ७0 करोड ९0 लाख ७८ हजार बजेट विनियोजन गरेकोमा ९ महिनामा कुल बजेटको ४४.४३ प्रतिशत खर्च गरेको थियो ।

समग्र खर्चमा कमजोर देखिएको प्रदेश सरकारको पुँजीगत खर्च पनि निराशाजनक छ । प्रदेश सरकार ले पुँजीगततर्फ जम्मा २८.२४ प्रतिशत अर्थात् १0 अर्ब ४९ करोड ७१ हजार रूपैयाँमात्रै खर्च गरेको छ । यस्तै

प्रदेशका १३ मन्त्रालयमध्ये सबैभन्दा बढी स्वास्थ्य मन्त्रालयले ४३.४३ प्रतिशत र सबैभन्दा कम पर्यटन, उद्योग तथा संस्कृति मन्त्रालयले १६.४३ प्रतिशत बजेट खर्च गरेको छ । यस्तै प्रदेश सरकारले वित्तीय व्यवस्था तथा सेयर लगानी र अर्थ विविध शीर्षकमा विनियोजन भएको बजेट खर्च शून्य छ । प्रदेश सरकारले चालु आर्थिक वर्ष वित्तीय व्यवस्था तथा सेयर लगानीमा एक अर्ब ५0 करोड र अर्थ विविध शीर्षकमा ४ अर्ब ४७ लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो ।

सरकारले चालु आर्थिक वर्षमा गत वर्षको अनुपातमन्दा कम खर्च हुने अनुमान गरेको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार गत वर्ष चैत मसान्तमा प्रदेश सरकारको ४४ प्रतिशत बजेट खर्च भएको थियो । चालु आर्थिक वर्षको सोही अवधिमा ३२ प्रतिशतमात्र खर्च भएको छ ।

प्रदेशको आर्थिक मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले चालु आर्थिक वर्षको ३ महिना बाँकी हुँदा पनि बजेट खर्च अपेक्षा अनुसार नभएको स्वीकार गरे । उनले भौतिक प्रगति भए पनि भुक्तानी हुन बाँकी भएका कारण वित्तीय प्रगति कम देखिएको हुनसक्ने बताए ।

यस आधारमा चालु आर्थिक वर्षको बजेट खर्च दर गत वर्षको तुलनामा कम हुने अवस्था रहेको मन्त्रालयका एक कर्मचारीले बताए । उनका अनुसार बजेट कार्यक्रम कार्यान्वयन गत वर्षको तुलनामा कमजोर छ । विपद्बाट केही आयोजना कार्यान्वयनमा समेत समस्या भएकाले खर्च पनि कमजोर हुने उनले बताए ।

सरकारको बजेटमा उल्लेख भएको कार्यक्रम कार्यान्वयनमा राजनीतिक सङ्क्रमणले पनि प्रभाव परेको ती कर्मचारीले बताए । मन्त्रीहरुको प्रत्यक्ष संलग्नता रहँदा बजेट कार्यान्वयनमा समस्या भएको उनको भनाइ छ ।

प्रदेशको आर्थिक मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले चालु आर्थिक वर्षको ३ महिना बाँकी हुँदा पनि बजेट खर्च अपेक्षा अनुसार नभएको स्वीकार गरे । उनले भौतिक प्रगति भए पनि भुक्तानी हुन बाँकी भएका कार ण वित्तीय प्रगति कम देखिएको हुनसक्ने बताए ।

कतिपय काम सम्पन्न भइसकेका योजनाहरुको भुक्तानी हुन बाँकी भएकाले पनि वित्तीय प्रगति नदेखिएको सचिव मैनाली बताउँछन् । 'अब भुक्तानी प्रक्रिया बढ्ने बित्तिकै वित्तीय प्रगति पनि बढ्छ । केही काम सम्पन्न भएर पनि भुक्तानीको प्रक्रियामा रहेकाले खर्च देखिएको छैन । चैत, वैशाख महिनामा सम्पन्न हुने योजनाहरुको मूल्याङ्कनपछि भुक्तानी प्रक्रिया बढ्दा सोचे अनुरूप नभए पनि खर्चको दर बढ्ने छ,' उनले भने ।

राजस्व सङ्कलन न्यून

प्रदेश सरकारको चैत मसान्तसम्मको आम्दानी पनि कमजोर देखिएको छ । संघीय सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट र आन्तरिक राजस्व सङ्कलनबाट प्रदेश सरकारले कुल ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार रूपैयाँ आम्दानी गर्ने लक्ष्य राखेको थियो ।

प्रदेश सरकारको आन्तरिक स्रोतबाट चालु आर्थिक वर्षमा ४ अर्ब ५३ करोड ८४ लाख ७९ हजार रूपैयाँ सङ्कलन गर्ने लक्ष्य राखेकोमा यस अवधिमा ६0.२९ प्रतिशत अर्थात् २ अर्ब ७३ करोड ६३ लाख ८0 हजार रूपैयाँ प्राप्त भएको छ ।

९ महिनासम्म आइपुग्दा प्रदेश सरकारले जम्मा ४३ प्रतिशत अर्थात् २७ अर्ब ९९ करोड ३८ लाख ९५ हजार रूपैयाँ आम्दानी गरेको छ । मन्त्रालयका अनुसार प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त हुने सामानीकरण, सशर्त, विशेष र समपूरक शीर्षकबाट ५३.६१ प्रतिशत अर्थात् ८ अर्ब ३४ करोड ९३ लाख ८0 हजार अनुदान प्राप्त भएको छ ।

यस्तै प्रदेश सरकारले राजस्व बाँडफाँटबाट चालु आर्थिक वर्षमा २९ अर्ब ५५ करोड ८९ लाख रूपैयाँ आम्दानी गर्ने अनुमान गरेकोमा चैत मसान्तसम्म ५६.६४ प्रतिशत अर्थात् १६ अर्ब ७४ करोड २0 लाख ८६ हजार रूपैयाँमात्रै प्राप्त भएको छ ।

प्रदेश सरकारको आन्तरिक स्रोतबाट चालु आर्थिक वर्षमा ४ अर्ब ५३ करोड ८४ लाख ७९ हजार रूपैयाँ सङ्कलन गर्ने लक्ष्य राखेकोमा यस अवधिमा ६0.२९ प्रतिशत अर्थात् २ अर्ब ७३ करोड ६३ लाख ८0 हजार रूपैयाँ प्राप्त भएको छ ।

यसैगरी प्रदेश सरकारले बेरूजु तथा गत वर्षको नगद मौज्दातबाट १४ अर्ब ८६ करोड ७४ लाख ५१ हजार रूपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा अहिलेसम्म जम्मा १.१२ प्रतिशत अर्थात् १६ करोड ५८ लाख ४७ हजार रूपैयाँमात्रै प्राप्त गरेको छ ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं,
वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।

● सहीखबर साप्ताहिक

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ वैशाख ११ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

एमालेलाई चौतर्फी घेराबन्दीमा पार्ने काम भइरहेको छः राना



○ सहीखबर संवाददाता

मकवानपुर । नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाले एमालेलाई चौतर्फी घेराबन्दीमा पार्ने काम भइरहेको बताएका छन् । कम्युनिष्ट पार्टी स्थापना दिवस तथा नेकपा एमालेले सञ्चालन गरेको वडा केन्द्रित ३ महिने जरा अभियानको हेर्दौंडामा भएको समापन कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

सामाजिक सञ्जालहरूमार्फत एमालेलाई घेराबन्दी पार्ने काम भैरहेकोले असफल पार्न एमालेका सबै पंक्ति एकजुट भएर लाग्नुको विकल्प नरहेको उनले बताए । 'अभिमन्यूलाई झैं घेराबन्दीमा पारेर एमालेलाई गलाउने प्रयास भइरहेको छ' रानाले भने 'आधुनिक अभिमन्यूहरूले त्यस्ता भ्रमहरूलाई तोडेर बाहिर निस्कने सक्ने ल्याकत राख्छन् ।' 'सामाजिक सञ्जाल होस् वा एआइ टुल्स नै किन नहोस हामी सदुपयोग गरेर भ्रमजालबाट देशलाई मुक्त बनाउन लाग्नेछौं' रानाले भने।

एमाले केन्द्रीय सदस्य केदार न्यौपानले नेपाल कम्युनिष्ट पार्टी स्थापनाको पृष्ठभूमि बताउदै भने 'तत्कालीन राणाशासनको अन्त्य र नागरिक अधिकार प्राप्तिको एजेण्डा लिएर नेपालमा कम्युनिष्ट पार्टीको जन्म भएको हो ।' 'कम्युनिष्ट आचरणमा रहेर श्रमिक वर्गको एजेण्डा उठाउने पार्टी आजको आवश्यकता बनेको छ' उनले भने । 'जब हामीले श्रमिकका मुद्दा, गरिब र बिपन्नको मुद्दा बोक्दैनौं भने पुँजीवाद हाबी हुन्छ र व्यवस्थामाथि खतरा बढछ', न्यौपानेले भने 'अहिले प्राप्त गणतन्त्रको नेतृत्व पनि कम्युनिष्ट पार्टीले गर्न सकेन भने नाम मात्रको गणतन्त्र हुनेछ ।'

एमाले केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्य महेश बर्तौलाले संसदीय कामका बाबजुत आफू निर न्तर पार्टीको अभियानमा जोडिएर अघि बढिरहेको बताए । 'पार्टी कामका अलावा संसदीय काम र विकास निर्माणका काममा जनतासामु जोडिएर अघि बढिरहेको छु' बर्तौलाले भने । शिक्षक आन्दोलनमा राजनीति हाबी हुँदै जाँदा आन्दोलनले अर्कै रूप लिन पुगेको उनले बताए । नेपाली 'काँग्रेस निकट शिक्षक महासंघको नेतृत्वले अहिले एमालेको नेतृत्वमा रहेको सरकारलाई बदनाम पार्ने प्रयत्न भइरहेको छ' उनले भने ।

एमाले जिल्ला अध्यक्ष श्रीधर पोखरेलले तीन महिने वडा केन्द्रित अभियान अन्तर्गत मकवानपुरका १० वटै स्थानीय तहका १०२ वटै वडामा पार्टीका वडा कमिटीहरू चुस्त पारिएको र ४७६ वटा टोल कमिटी गठन भएको प्रतिवेदन पेस गरेका थिए ।

आज १९ औं लोकतन्त्र दिवस

जनताले जितेको दिन



○ सहीखबर संवाददाता

मकवानपुर । आज १९ औं लोकतन्त्र दिवस । जनताले जितेको दिन । विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ । २०६३ वैशाख ११ गते तत्कालीन र जा ज्ञानेन्द्र शाहले २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनर्स्थापना गरेकाले नागरिकको जीत भएको खुशीयालीमा २०६४ देखि देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो ।

२०६१ साल माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिएपछि आन्दोलनरत सात दल र तत्कालीन नेकपा माओवादीबीच १२ बुँदे समझदारी भएको थियो । २०६२ साल मङ्सिरमा १२ बुँदे समझदारी भएपछि जनआन्दोलनले गति लिएको थियो ।

आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा ज्ञानेन्द्र शाहले वैशाख ११ गते राति संसद पुनर्स्थापनाको घोषणा गरे । २०६३ जेठ ४ गतेको संसद्ले राजाको अधिकार कटौती गर्न सफल भयो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई सांविधानसभाको चुनाव गर्ने सङ्कल्प प्रस्ताव पारित गरेको थियो । यसैको जगमा वि.सं २०६४ चैत २८ गते पहिलो सांविधानसभा चुनाव भयो । सांविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्ष र जासंस्थाको विधिवत अन्त्य गऱ्यो ।

२०७० मङ्सिर ४ गते दोस्रो सांविधानसभा चुनावबाट निर्वाचित सभाले २०७२ साल असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सांविधान जारी गरेको थियो । अहिले तीन तहका सरकार क्रियाशील छन् । संघीय, प्रादेशिक र पालिका सरकारले शासन सञ्चालन गरेका छन् ।

आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुनर्स्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गरे । उनले जनताको नासो जनतालाई नै फिर्ता गरेको घोषणा गरे । यसैले यही वैशाख ११ गतेको दिनलाई लोकतन्त्र दिवस भनिन्छ । यो दिन नै गणतन्त्रको जगका रूपमा स्थापित बन्यो ।

सांविधान बमोजिम तीनै तहको निर्वाचन सम्पन्न भई आन्दोलनको बलमा बनेको सांविधान कार्यान्वयन भयो । जसअनुसार संघीय, प्रादेशिक र स्थानीय सरकारले शासन सञ्चालन गरेका छन् । यो परिवर्तनको प्रवेशद्वार भएकाले वैशाख ११ गतेलाई लोकतन्त्र दिवसका रूपमा मनाउने गरिएको छ ।

लोकतन्त्रपछिको दुई दशकमा राजनीतिक, सामाजिक, आर्थिकलगायतका क्षेत्रमा आमूल परिवर्तन भएको छ । यो परिवर्तनको मुख्य जग वैशाख ११ गतेलाई लोकतन्त्र दिवसका रूपमा मनाउने गरिएको छ । तर लोकतन्त्रको उपलब्धि महत्त्वपूर्ण रहे पनि नागरिकमा निराशा र असन्तुष्टि कायमै छ ।

दलहरू नागरिकको समस्या समाधानमा भन्दा पनि सत्ता स्वार्थमा केन्द्रित भएको आरोप लाउदै आएको छ । तर लोकतन्त्रको विकल्प लोकतन्त्र नै भएकाले विकास र सुशासनमा ध्यान दिँदै अवस्था सुधारको लागि केन्द्रित हुन दलहरूलाई नागरिकले आग्रह गर्दै आएका छन् ।

नेकपा एमालेले युवालाई 'जनताले जितेको दिन' को स्मरण गराउने उद्देश्यले लोकतन्त्र दिवसका दिन वैशाख ११ गते 'यूथ सेलिब्रेशन' को आयोजना गर्दैछ ।

गढीमा पढ्दै कमाउँदै कार्यक्रम

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरगढी गाउँपालिकाले विद्यार्थीहरूका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

पालिकाको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक कार्यक्रम अनुसार कृषि विकासअन्तर्गत प्राविधिक विधामा अध्ययन गर्ने विद्यार्थीहरूका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्न लागिएको मकवानपुरगढी गाउँपालिका कृषि शाखाका प्रमुख गोपाल लम्सालले जानकारी दिए । उनका अनुसार उक्त कार्यक्रमका लागि ३ लाख बजेट बिनियोजन गरिएको छ ।

प्राविधिक विधा अध्यापन गर राउने विद्यालयहरूलाई उक्त कार्यक्रम सञ्चालन गर्नका लागि चैत २७ गते दोस्रो पटक प्रस्ताव आवाह्न गरिएको उनले बताए । पहिलो पटक चैत ४ गते सुचना प्रकाशन गरिएको थियो ।पालिकाले प्राविधिक बिषय (कृषि बाली विज्ञान) अध्ययन गर्ने विद्यार्थीहरू, बाली बस्तु उत्पादन गर्ने जमिन भएको विद्यालयलाई विशेष प्राथामिकतामा राखेको छ । उक्त बजेट उत्पादन सामग्री, प्रविधि, सिचाई, यान्त्रिकरण क्षमता अभिवृद्धिलगायतका कार्यमा ८० प्रतिशत लगानी गर्ने शाखा प्रमुख लम्सालले जानकारी दिए ।

आवेदन परेकाबाट उत्कृष्ट प्राविधिक शैक्षिक संस्था छनोट गरी तत्काल कार्यक्रम सुरू गरिने उनले बताए । उत्पादन बिक्रीबाट आएको आम्दानीलाई 'पढ्दै कमाउँदै' कोषमा राखेर त्यसलाई 'सिड मनी'का रूपमा प्रयोग गर्न सकिनेछ । त्यसलाई सिड मनिका रूपमा इच्छुक विद्यार्थीहरूले आफ्नो घरमा कृषि खेती गर्न चाहेमा आवश्यक बिउ, मल, प्रविधि समेत लिन सक्ने उनले बताए ।

शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडी भविष्यमा उद्यमी, व्यावसायिक, सीपयुक्त एवम् स्वावलम्बी नागरिक उत्पादन गर्न यस कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने पालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले बताए । गत आर्थिक बर्षदेखि निमित बजेट गदै आएको र यस कार्यक्रमलाई प्रभावकारी रूपमा निर न्तरता दिइने उनको भनाई छ । गत आबमा मकवानपुरगढी २ मा रहेको बंशगोपाल माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय) यसै कार्यक्रमका लागि २ लाख बजेट उपलब्ध गराएको थियो । जसबाट विद्यालयले गड्यौला प्ल्यान्ट निर्माण गरेको थिए ।

शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडेर भविष्यमा स्वलम्बी नागरिक उत्पादन गर्ने मुख्य लक्ष्यसहित संघीय सरकारले यसअघि नै विद्यालय तहमा पढ्दै कमाउँदै कार्यक्रम लागू गरेको हो ।

संघ सरकारले कार्यक्रम सञ्चालनका लागि प्रतिविद्यालय २० लाखको दरले रकम खर्च गर्दै आएकोमा यसमा कति विद्यार्थी संलग्न छन् र यसको प्रभावकारिता कति छ ? भन्ने अझै एकिन भइसकेको छैन । विद्यालयको मुख्य उद्देश्य हातखुट्टा चलाएर सक्षम बनाउने अर्थात विद्यार्थीलाई गरिखान बनाउने रहेको बताइएको छ ।

जिल्ला प्रहरी कार्यालयमा महिला व्यारेक भवन

○ सहीखबर संवाददाता

मकवानपुर । जिल्ला प्रहरी कार्यालय मकवानपुरमा नवनिर्मित महिला व्यारेक भवन उद्घाटन गरिएको छ । बुधबार बागमती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री सुरजचन्द्र लामिछानेले भवन उद्घाटन गरेका हुन् ।

महिला व्यारेक भवन एक करोड ९५ लाख ७३ हजार रूपैयाँमा निर्माण भएको हो । व्यारेक भवन निमार्णका लागि २०८० साल असोज ८ गते रौतहट जिल्लाको गौरीगणेश कन्स्ट्रक्सन र जिल्ला प्रहरी कार्यालय मकवानपुर बीच निर्माण सम्झौता भएको थियो । केहि डिजाइनहरू थपघट भएकोले परिमार्जित सम्झौता रकम वृद्धि भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानएको छ । मूल्य अभिवृद्धिकरसहित एक करोड ९१ लाख ९ हजार रूपैयाँ लागतमा निर्माण सम्झौता भएको थियो ।

५०४ वर्गमिटर क्षेत्रफलको तीन तल्ले नवनिर्मित व्यारेकमा ५० जना महिला प्रहरी कर्मचारीको आवासीय सुविधा सहितको सेवा रहने बताइएको छ । प्रमुख अतिथि लामिछानेले नवनिर्मित महिला भवन निर्माण कार्यमा योगदान पुऱ्याएको भन्दै निर्माण कम्पनी गौरीगणेश कन्स्ट्रक्सनका संचालक पवन कुमार मिश्रलाई प्रशंसापत्र प्रदान गरेका थिए ।

यसैगरी प्रहरी वरिष्ठ हवल्दार ज्ञान बहादुर राई र प्रहरी हवल्दार असफीलाल साहलाई प्रशंसापत्र र नगदसहित सम्मान गरिएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको उत्कृष्ट अभ्यासमा छौं: प्रदेश प्रमुख

○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले लोकतन्त्र दिवस २०८२ को अवसरमा देशवासीमा शुभकामना व्यक्त गरेका छन् ।

बैशाख ११ गते लोकत्रन्त्र दिवसको अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रदेश प्रमुख देवकोटाले लोकतन्त्र स्थापनामा आफ्नो प्राणको आहुति दिने महान शहीदहरुप्रति उच्च सम्मान भावका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गरेका छन्।

"निरंकुशताबिरूद्व नेपालको इतिहासमा बि.सं. २०६२/२०६३ मा भएको आम नेपालीको सहभागिताको जनआन्दोलन भाग २ को परिणामस्वरुप आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रको उत्कृष्ट अभ्यासमा छौं " उनले सन्देशमा भनेका छन्।

नेपाली जनताले लामो संघर्ष, बलिदान र त्यागबाट प्राप्त गरेको लोकतान्त्रिक मूल्य र मान्यता गौरवको धरोहर भएको उहाँले उल्लेख गर्नुभएको छ।

लोकतन्त्र सार्वभौम नागरिक र नागरिकको स्वतन्त्रताको सर्वोच्चता स्थापित गर्ने दर्शनबाट अभिप्रेरित व्यवस्था हो । लोकतन्त्रमा शासन प्रणालीलाई पारदर्शी तथा जवाफदेही बनाउने, बेथिति अन्त्य गर्ने, शुसासन कायम गर्ने, जनतामा सेवा प्रवाह अभिवृद्धि गर्ने र जनताको भरोसा जागृत गराउन सबैको प्रतिबद्धता आवश्यक भएको उनको भनाइ रहेको छ ।

"सबैले लोकतान्त्रिक प्रणालीको संस्थागत विकास, मौलिक र मानव अधिकारको संरक्षण, सुशासन, प्रवर्द्धन र न्यायमूलक समावेशी समाज निर्माणका लागि अझ दृढ प्रतिबद्धता जनाउनु आवश्यक छ" उनले सन्देशमा भनेका छन्।

लोकतन्त्र शासन व्यवस्था मात्र नभई जनताको सहभागिता, समानता, पारदर्शिता र उत्तरदायित्वमा आधारित सभ्य र सहिष्णु समाजको आधारशिला भएको उनले बताएका छन्। यसलाई मजबुत बनाउन हामी सबै क्रियाशील रहनु पर्दछ । हामी आफ्ना कर्तव्यप्रति निष्ठावान र अधिकारप्रति सचेत भै लोकतन्त्रलाई संस्थागत गर्दै समृद्ध देश निर्माणमा अघि बढ्नुपर्ने उनको सन्देश छ ।

"आजको दिनले आफ्ना सैद्धान्तिक विचार र राजनैतिक दर्शनभन्दा एक कदम माथि उठेर राष्ट्रहित र आम जनताको भलाईमा लाग्न सम्पूर्ण राजनैतिक दल र नागरीक समाजलाई प्रेरणा दिने विश्वास लिएको छु" प्रदेश प्रमुखले शुभकामना सन्देशमा भनेका छन् ।यो महान दिनले हामी सबैमा एकता, मेलमिलाप, सहिष्णुता र जिम्मेवार नागरिकको भावना जागृत गराउनेछ भन्ने कामना उनले गरेका छन् ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

घटना भएको ३५ दिन भित्र सम्बन्धित वडामा घटना दर्ताको गर्नको लागि सबैलाई अनुरोध छ ।

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय मनहरी

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

यस वडाबासी सबैलाई घटना भएको ३५ दिन भित्र वडामा दर्ताको लागि अनुरोध छ ।

७ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

पानीको स्रोत संरक्षण गर्न

- ☞ डढेलोबाट वन जोगाऔं,
- ☞ सिमसार क्षेत्रको संरक्षण गरौं ।
- ☞ घर/भवन निर्माण गर्दा खुल्ला क्षेत्रको पयाप्त व्यस्थापन गरौ, पानीको स्रोत रिचार्ज हुने वातावरण सिर्जना गरौं ।
- ☞ अनावश्यक रुपमा पानी खेला नफालौं ।
- ☞ पानीको पाइपहरु फुटेर पानी खेर गइरहेको देखेका त्यसको उचित बन्दोबस्त गरौं/सम्बन्धित निकायमा खबर गरौं ।

पानीको स्रोत संरक्षणको लागि हातेमालो गर्न स्थानीय तह, सरकारी तथा गैह्रसरकारी निकाय, जलाधार संरक्षण समूह, संघसंस्था सबैप्रति हेटौंडा खानेपानी व्यस्थापन बोर्ड हार्दिक अनुरोध गर्दछ ।

साथै नयाँ वर्ष २०८२ को पावन अवसरमा हाम्रा उपभोक्ताहरुलगायत सम्पूर्ण पदाधिकारीहरु, सदस्यहरु, कर्मचारीहरुलगायत आमनेपालीमा सुख शान्ति समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड, मकवानपुर हेटौंडा

मौसमी लु रोकथामका उपाय

- ☞ बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
- ☞ खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
- ☞ पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं,
- ☞ सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं,
- ☞ बेलाबेलामा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
- ☞ प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान व्यायाम गरौं,
- ☞ लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड